# आधारभूत तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रमबारे सरोकारवालाको धारणा तथा पठन पाठनको अवस्था

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तहको दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विषय ५९८ को विशिष्टकरण आवश्यकता पूरा गर्नको लागि प्रस्तुत प्रतिवेदन


शोधकर्ता

प्रताप बहादुर साउद

त्रि.वि.दर्ता नं.: ९-२-२९-१०२३-२००२

परीक्षा रो.नं. : २८००६५/२०६५

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह द्धितीय वर्षका विद्यार्थी श्री प्रताप बहादुर साउदले अछाम जिल्ला चाल्सा गा.वि.स. र कुइका गा.वि.स.का दुई वटा विद्यालयमा आधारभूत तहमा सिजनात्मक कला विषयको  पाठ्यक्रम बारे सरोकार वालाको धारणा तथा पठ्नपाठ्नको अवस्था शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । म उहाँको यस शोधकार्य सँग पूर्णरुपमा सन्तुष्ट छु र यसको अन्तिम मूल्याङ्कन लागि सिफारिस गर्दछु ।

मिति : २०६९/०४/०५

................

प्रा.स्वयम प्रकाश जबरा

शोधनिर्देशक

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय पा.मू.वि.

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

मिति : २०६९/०४/१२

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह द्धितीय वर्षका विद्याथी श्री प्रताप बहादुर साउदले अछाम जिल्ला चाल्सा गा.वि.स. र कुइका गा.वि.स.का दुई वटा विद्यालयमा आधारभूत तहमा सिर्जनात्मक कला विषयको पाठ्यक्रम बारे सरोकार वालाको धारणा तथा पठ्नपाठ्नको अवस्था शीर्षकको प्रस्तुत प्रतिवेदन तयार पार्नु भएकोले आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. शोधपत्र निर्देशक : प्रा.स्वयम प्रकाश जबरा

२. बाह्य परीक्षक : प्रा. शिवराज बढु

सह-प्रा. किरण राम रञ्जितकार

३. विभागीय प्रमुख : प्रा. स्वयम प्रकाश जबरा

## कृतज्ञताज्ञापन

विश्वविद्यालय क्याम्पस शिक्षाशास्त्र संकाय केन्द्रिय विभाग पाठ्यक्रम तथा मूल्याङकन विभाग अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम विषयको आंशिक आवश्यकता पूरा गर्ने शिलसिलामा “आधारभूत तहमा सिर्जनान्तमक कला विषयको पाठ्यक्रमको पठनपाठनको अवस्था र सरोकारवालाको धारणा अध्ययन” शिर्षकमा सोध प्रस्तावना स्विकृत गरी यस शिर्षकमा शोध कार्य गर्न अवसर प्रदान गरी निरन्तर सुझाव सल्लाह र निर्देशित गर्नु हुने पाठ्यक्रम विभागका प्रमुख आदरणीय गुरु प्रा. स्वय प्र. जवरा ज्यू प्रति आभार व्यक्त गर्दछु ।

यस अध्ययनका क्रममा सुपरिवेक्षकका रुपमा रही मलाई सुझाव सल्लाह प्रदान गर्नुहुने गुरुहरु प्रा.डा. तिर्थ पराजुली शिव राज बढु, किरण राम रञ्जितकार, यसोधरा पन्ती लगायत पाठ्यक्रम विभागका सम्पूर्ण प्राध्यापक ज्यूहरु र पाठ्यक्रम विभाग प्रति पनि आधार व्यक्त गर्दछु । यसैगरी यस अध्ययनलाई आवश्यक पर्ने विभिन्न तथ्याङ संकलनका क्रममा सहयोग गर्नुहुने अछाम जिल्ला चाल्सा गा.वि.स.र कुइका गा.वि.स. मा अवस्थित पशुपति उ.मा.वि.का प्राचार्य सुरज साउद चाल्सा र भुवनेशवरी मा.वि. कुइका प्र.अ. चेतराज उपाध्यायका साथै दुबै विद्यालयका विषय शिक्षक र विद्यार्थी प्रति पनि आभार व्यक्त गर्दछु साथै विशेष अध्यक्ष ज्यू प्रति पनि,

यो सोध प्रतिवेदन पुरा गर्नका लागी सहयोग गर्नु हुने माता पिता चन्द्र बहादुर साउद र रंगादेवी साउद र भाउजु कृष्णा साउदका साथै परिवार धनशोभा थापा प्रति पनि कृतज्ञता प्रदान गर्दछु र यस अध्ययनका लागी सहयोग गर्न मित्र रामशरण सापकोटालाई धन्यवाद दिन चाहन्छु ।

**शोधकर्ता**

प्रताप बहादुर साउद

त्रि.वि.दर्ता नं.: ९-२-२९-१०२३-२००२

परीक्षा रो.नं. : २८००६५/२०६५

## शोधसारांश

सिर्जनात्मक तथा कला विषयअन्तर्गत संगीत (गायन, वादन, नृत्य, अभियन) चित्रकला र हस्तकला गरी तीन क्षेत्र पर्दछन् । बालमनोविज्ञान अनुसार बालकहरु स्वभावैले खेल्न, नाच्न, गाउन तथा आफूखुसी चित्र कोर्न र मनमा लागेका वस्तु वा खेलौना आदि निर्माण गर्नमा रुचि राख्दछन् । यिनै रुचीहरुलाई सघाउ पुग्ने विषयवस्तुलाई यस विषयअन्तर्गत समेटिएको छ । संगीत, चित्रकला र हस्तकला क्षेत्रबीच घनिष्ट सम्बन्ध छ । चित्रकला र हस्तकलाको अमूर्त अभिव्यक्तिलाई संगीतले मूर्तरुप दिन्छ भने संगीतका विभिन्न मुद्राहरुलाई चित्रकला र हस्तकलाले एउटा आकृतिको रुप दिन मद्दत गर्दछ । यी तीनवटै क्षेत्रलाई समेटेको यो सिर्जनात्मक कला विषयको पठनपाठनबाट स-साना विद्यार्थीहरुको स्वाभाविक रुचिको उजागर हुनुको साथै यससँग सम्बन्धित राष्ट्रिय शिक्षाको साथसाथै प्राथमिक शिक्षाका उद्देश्य समेत परिपूर्ति गर्न सहयोग मिल्ने देखिन्छ ।

हाल २०६३ को पाठ्यक्रम प्रारुपले सि.अ. विषयलाई परिवर्तन गरी सिर्जनात्मक कला मात्र राखिएको छ । यो अध्ययन आधारभूत तहको सिर्जनात्मक कला विषयको पठनपाठन र सरोकारवालाको धारणाका सम्बन्धमा केन्द्रित गरिएको छ । सिर्जनात्मक कला विषयको पठनपाठनको अवस्था पत्ता लगाउने, सिर्जनात्मक कला विषय पठनपाठनमा प्रयोग भइरहेको जनशक्ति र शिक्षण सामग्रीको स्थिति पहिल्याउने उद्देश्यले सञ्चालित गरिएको थियो । यस अध्ययनका लागि अछाम जिल्लाको २ वटा गा.वि.स. अन्तर्गत पर्ने २ वटा विद्यालयका कक्षा ४ र ५ मा पढ्ने २० जना विद्यार्थी, २ जना सि.अ. विषय पढाउने शिक्षक, २ जना सम्बन्धित विद्यालयका प्र.अ., २ वटा विद्यालयका २ जना वि.व्य.स. अध्यक्ष र ४-४ जना सरोकारवाला गरी ३८ जना उत्तरदाताहरु समक्ष प्रत्यक्ष अन्तर्वार्ता प्रश्नावली र कक्षा अवलोकन फारामको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । यस विषयको शिक्षण क्रममा ( दलित र वाहुन) जातजाति अनुसार विद्यार्थीहरुले आपसमा समान व्यवहार नगर्ने गरेको पाइयो । जसमा दलित र ब्राम्हणका केटाकेटी नाच, गान र अन्य क्रियाकलापमा सँगै सहभागी नहुने गरेको पाइयो । उक्त तथ्याङ्कलाई गुणात्मक विधिको प्रयोग गरी व्याख्या तथा विश्लेषण गर्दा यस विषयअन्तर्गत पर्ने संगीत ( गायन, वादन, नृत्य, अभिनय), चित्रकला र हस्तकलालाई समान महत्वको आधारमा पठनपाठन नभएको, पठनपाठनको लागि दक्ष जनशक्तिको अभाव भएको पठनपाठनमा शिक्षण सामग्रीको अभाव भएको र पाठ्यपुस्तकको अभावमा पठनपाठन प्रभावकारी रुपमा हुन नसकेको र यस विषयका लागि विषय शिक्षक साथै तालिम प्राप्त शिक्षकको व्यवस्था नभएको साथै शिक्षक निर्देशिकाबाट सामान्य धारणा विका गरी शिक्षण गर्ने गरेको पाइयो ।

यस अलावा यस अध्ययनबाट प्राप्त प्राप्तिका आधारमा हेर्दा यो सिर्जनात्मक कला विषय हाल आधारभूत तहमा अध्ययन अध्यापन गर्ने गरिए पनि विभिन्न स्रोत सामाग्रीको अभावमा प्रभावकारी हुन सकेको पाइदैन । यसका लागि सिर्जनात्मक कला विषयको पाठ्यपुस्तक उपलब्ध गराउने कार्य नेपाल सरकारबाटै वा शिक्षा क्षेत्रका उपल्लो निकायबाट उपलब्ध गराउनु पर्दछ र सि.क. विषय पढाउन प्रत्यके आधारभूत तहमा विषय शिक्षक वा तालिम प्राप्त शिक्षकको व्यवस्थ गर्नुपर्ने देखिन्छ । जसको माध्यमबाट विद्यार्थीमा सिर्जनाशिल सिलको विका गर्न सकिन्छ । साथै यस विषयलार्य अब नि.मा.वि. र मा.वि. तहमा

पनि विस्तार गरी बर्तमानमा यस विषय अध्ययन अध्यापनमा देखिएका समस्या समाधान गरी यसलाई शसक्त र प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

यसय अध्ययनको निष्कर्ष छ । यस अध्ययनबाट यस्तो निष्कर्ष निस्कन गएकोले दक्ष तालिम प्राप्त जनशक्तिबाट शिक्षण सामग्रीको प्रयोग गरी विषयवस्तुलाई शिक्षण गर्न सके अपेक्षित सिकाई उपलब्धीहरु हासिल हुनुको साथै पठनपाठनमा समेत प्रभावकारिता आउने देखिन्छ ।

## विषयसूची

पृष्ठ संख्या


**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कुतज्ञताज्ञापन**

**शोधसारांश**

**परिच्छेद एक**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ अध्ययनको औचित्य ३

१.३ समस्याको कथन ३

१.४ अध्ययनको उद्देश्य ४

१.५ अध्ययनको सीमाङ्कन ४

**परिच्छेद दुई**
**सम्बन्धित साहित्यको समिक्षा**

२.१ सैद्धान्तिक साहित्य ६

२.२ नेपाली साहित्यको सन्दर्भ ८

२.२.१ सि.क. सम्वन्धी शिक्षा नियमावली २०५७ मा भएको व्यवस्था १०

२.२.२ पाठ्यक्रम प्रारुप २०६३ ले गरेको व्यवस्था- सि.क. सँग सम्वन्धित ११

२.३ सम्बन्धित अध्ययनको समिक्षा १२

२.४ अवधारणात्मक ढाँचा १३

**परिच्छेद तीन**

**अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा १५

३.२ अध्ययन क्षेत्र र जनसंख्या छनोट १५

३.२.१ नमुना छनोट १५

३.२.२ प्र.अ. र शिक्षकको छनोट १६

३.२.३ विद्यार्थी छनोट १६

३.३.४ वि.व्य.श. अध्यक्ष, अभिभावक उत्तर दाता छनोट १६

३.३ अध्ययनका साधनहरुको निर्माण १६

३.३.१ प्र.अ. को लागि प्रश्नावली निर्देशिका १६

३.३.२ शिक्षकको लागि प्रश्नावली निर्देशिका १७

३.३.३ विद्यार्थी अन्तर्वाता प्रश्नावली निर्देशिका १७

३.३.४ कक्षा अवलोकन फारम निर्देशिका १७

३.३.५ वि.व्य.स.अध्यक्ष र स्थानीय सरोकारवालाका लागि अन्तर्वाता प्रश्नावली निर्देशिका १७
३.४ साधनहरुको वैधानिकता १७
३.५ तथ्याङ्क संकलन प्रक्रिया १७
३.६ तथ्याङ्कको व्याख्या र विश्लेशण प्रक्रिया १८

**परिच्छेद - ४**

**तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण**

४.१ सि.क. विषयको पठनपाठनको वर्तमान अवस्था १९
४.१.१ सि.क. विषय शिक्षणका लागि शिक्षकको व्यवस्था १९
४.१.२ विद्यालयमा सि.क विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था २०
४.१.३ सि.क. विषयको विषयवस्तु र पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरु विचको सम्वन्ध २०
४.१.४ पाठ्यक्रमका विषयवस्तु अन्तर्गत क्रियाकलापमा देखा परेका समस्याहरु २०
४.१.५ सि.क. विषयसँग सम्वन्धित अवधारणा २०
४.२ शिक्षण सामग्रीको अवस्था र शिक्षण प्रक्रिया २०
४.२.१ शिक्षण सामग्रीको व्यवस्थापन र प्रयोग सम्बन्धमा २१
४.२.२ विद्यालयमा सि.क. विषय अध्यापन गर्ने शैक्षिक सामग्रीको अवस्था सम्बन्धमा २१
४.२.३ शिक्षण सामग्री विद्यालय बाहिरबाट ल्याएर प्रयोग गर्ने सम्बन्धमा २१
४.२.४ पठनपाठनलाई प्रभावकारी बनाउने २१
४.३ शिक्षण प्रक्रियाको सम्बन्धमा २२
४.३.१ संगित अन्तर्गत गाउने बजाउने र नाच्ने क्षमता २२
४.३.२ चित्रकला शिक्षण सम्वन्धमा २२
४.३.३ गाएन शिक्षण सम्वन्धमा २२
४.३.४ वादन शिक्षण सम्वन्धमा २२
४.३.५ नृत्य शिक्षण सम्वन्धमा २३
४.३.६ अभिनय शिक्षणको २३
४.३.७ हस्तकला र चित्रकला शिक्षणको २३
४.४ सि.क. विषयका शिक्षण प्रक्रियाका सम्बन्धमा विद्यार्थीको धारणा २३
४.४.१ विद्यार्थी २३
४.४.२ कक्षामा सि.क. विषय अन्तर्गत सिकाई विषयवस्तुको औचित्य २३
४.४.३ सि.क. विषय शिक्षण गर्ने विधि सम्वन्धमा २३
४.४.४ सि.क. विषय शिक्षणका लागि प्रयोग गरिने शैक्षिक सामग्रीका सम्वन्धमा २४
४.४.५ गीत गाउने कला सम्बन्धमा २४
४.४.६ वादन कला सम्वन्धमा २४

४.४.७ नृत्यकला सम्वन्धमा २४
४.४.८ अभिनयकलाका सम्वन्धमा २४
४.४.९ चित्रकला सम्वन्धमा २५
४.५ सि.क. विषयको आवश्यकता र महत्व सम्वन्धी स्थानीय सरोकारवालाको धारणा २५
४.५.१ सि.क. विषय शिक्षणका लागि तालिमको औचित्य २५
४.५.२ सि.क. विषय प्रा.वि. तहमा मात्र सीमित गरिएका सम्वन्धमा २५
४.५.३ वि.व्य.स. अध्यक्षको धारणा २४
४.५.४ अभिभावकहरुको धारणा २६
४.६ कक्षाकोठाको शिक्षण सिकाई प्रक्रिया तथा शैक्षिक सामग्रीको उपयुक्तता २६
४.६.१ कक्षा शिक्षणका क्रममा शिक्षण विधिको अवस्था २६
४.६.२ शैक्षिक सामग्रीको उपयुक्तता र प्रयोग २७

**परिच्छेद - ५**

**प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ३२
५.२ निष्कर्ष ३२
५.३ सुझाव ३३
**सन्दर्भ ग्रन्थहरु**
**अनुसूचि**